दफा ४ तथा अनुसूची-१ को भाग-१ [illegible] सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्ड : ८ संख्या : ०२ स्वीकृत मिति: २०८१/०३/२०

भाग - १

**मनहरी गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय, रजैया, मकवानपुर

## मनहरी गाउँपालिकाको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

## गाउँपालिका आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

स्वीकृत मितिः २०८१/०३/२०

प्रमाणीकरण मितिः २०८१/०३/२२

**प्रस्तावना**: गाउँपालिका आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "प्रदेश आकस्मिक कोष ऐन,२०७५" रहेकोछ।

(२) यो ऐन गाउँपालिकाके स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिकालाई सम्झनुपर्छ।

(ग) "गाउँपालिका आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने गाउँपालिका आकस्मिक कोष सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिकालाई सम्झनुपर्दछ।

(ङ) "कार्यालय" भन्नाले मनहरी गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

**३. गाउँपालिका आकस्मिक कोषको स्थापना**: गाउँपालिका आकस्मिक कोषको नामबाट एउटा कोष स्थापना गरिनेछ।

**४. गाउँपालिका आकस्मिक कोषमा जम्मा गरिने रकम**: गाउँपालिका सञ्चित कोषबाट पन्ध्र (१५) लाख रुपैयाँ झिकी त्यस्तो रकम गाउँपालिका आकस्मिक कोषमा जम्मा गरिनेछ।

**५. गाउँपालिका आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने**: गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी गाउँपालिका आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

**६. गाउँपालिका आकस्मिक कोषको रकम खर्च गर्न सक्ने**: गाउँपालिकाले गाउँपालिका आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि रकम खर्च गर्न सक्नेछ।

**७. प्रदेश आकस्मिक कोषको सञ्चालनः**

(१) गाउँपालिका आकस्मिक कोषको सञ्चालन गाउँपालिकाबाट हुनेछ।

(२) गाउँपालिका आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची - १ बमोजिमको ढाँचामा आर्थिक प्रशासन शाखा प्रमुखले राख्नेछ।

**८. आकस्मिक कोषबाट खर्चको निकासाको मागः**

(१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित शाखाले पेश्कीको रुपमा रकम निकासाको माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित शाखाले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा पेश गरी निकासा भए बमोजिम गाउँपालिका आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिइनेछ ।

**९. खर्चको रकम सोधभर्ना गर्नु पर्नेः**

(१) कार्यपालिकाले यस ऐन बमोजिम गाउँपालिका आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ ।

**१०. आकस्मिक कार्य पुरा भएको सूचना गर्नेः** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने शाखाले महालेखा परीक्षाकको कार्यालय, कार्यालय र आर्थिक प्रशासन शाखालाई तुरुन्त दिनु पर्नेछ ।

**११. खर्च नभएको रकम गाउँपालिका सञ्चित कोषमा दाखिला गर्ने :**

(१) गाउँपालिका आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नुनपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने शाखाले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम गाउँपालिका सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो शाखाले सोको जानकारी, महालेखा परीक्षकको कार्यालय र कार्यालय र आर्थिक प्रशाखा शाखालाई दिनु पर्नेछ ।

**१२. अनुसूचीमा हेरफेर गर्न सक्नेः** स्थानीय सरकारले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

## अनुसूची–१

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**आकस्मिक कोष सम्बन्धी**

आकस्मिक कोषको रकम रू. ............................  अक्षरेपिः

..........................................

| क्र. सं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र संख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रमम | थप पेश्की मागिएको रकम | थप पेश्की दिइएको रमम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पुरा भएको मिति | आकस्मिक काम पछिको वचत रकम | पूरक विनियोजन एनले स्वीकृत गरेको थप खर्च | पेश्की सोधभर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

दस्तखतः

मितिः

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती